**Accountability Watch Committee (AWC)**
**जवाफदेहिता निगरानी समिति**

**प्रेस विज्ञप्ति**

**रुसी विपक्षी नेता नभाल्नीको जेलभित्र भएको भनिएको शंकास्पद निधनप्रति जवाफदेहिता निगरानी समितिको ध्यानाकर्षण**

**०९ फागुन २०८०**

रुसका विपक्षी नेता, भ्रष्टाचारविरोधी अभियानका प्रखर अभियन्ता एवं रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका राजनीतिक आलोचक अलेक्सेई नभाल्नीको रुसी जेलभित्र भएको भनिएको शंकास्पद निधनप्रति जवाफदेहिता निगरानी समितिको ध्यानाकर्षण भएको छ ।

रुसी राजनीतिका विपक्षी नेता, भ्रष्टाचार विरोधी अभियन्ता एवं लोकतन्त्रवादी ४७ वर्षीय नभाल्नीको यही फागुन ४ गते रुसी जेलमा निधन भएको खबर रुस सरकारले सार्वजनिक गरेको थियो । युक्रेनमाथि भइरहेको रुसी आक्रमणका विरोधीसमेत मानिने नभाल्नी जेलमा हिँडडुल गर्दागर्दै बेहोश भएर ढलेको र अस्पताल पुऱ्याउँदा मृत्यु भएको बयान जेल प्रशासनले दिएको छ । यद्यपि, नभाल्नीको मृत्युबारे जानकारी दिए पनि पत्नी र आमासमेतलाई भेट गर्न नदिनुले यो मृत्यु शंकास्पद रहेको टिप्पणी संसारभर भइरहेको छ । चार वर्षअघि पनि रुसी सत्ताको षड्यन्त्रमा नभाल्नीमाथि 'नोभिचोक' नामक घातक विष खुवाएर मार्ने असफल प्रयास गरिएको थियो । तर, तत्काल जर्मनीमा उच्चस्तरीय विशेषज्ञ उपचारपछि उनी स्वस्थ बनेका थिए । स्वास्थ्योपचारपछि स्वदेश फर्किएलगत्तै नभाल्नीलाई राष्ट्रपति पुटिनले कठोर कारावासमा राखेका थिए ।

रुस संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा 'भिटो' अधिकार प्राप्त एक प्रमुख सदस्य राष्ट्र हो । राष्ट्रसंघले जारी गरेका मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ लगायत अन्तर्राष्ट्रिय कानून तथा सन्धि एवं सम्झौताको सम्मान गर्नु उसको दायित्व हो । तर अन्तर्राष्ट्रिय मानवीय कानून, मानव अधिकारका आधारभूत मान्यता तथा सिद्धान्त विपरीत राष्ट्रपति पुटिन नेतृत्वको रुसी सरकारले आन्तरिक रूपमा अख्तियार गरेका दमनकारी एवं विरोधी शक्तिलाई निर्मूल पार्ने नीतिका साथै युक्रेनमाथि जारी आक्रमणको निगरानी समिति निन्दा गर्दछ ।

अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने, स्वतन्त्रतापूर्वक आवतजावत गर्ने, विरोध गर्न पाउने, न्यायिक अधिकार र आत्मसम्मानपूर्वक बाँच्न पाउने हरेक व्यक्तिको विश्वव्यापी रूपमा स्थापित आधारभूत अधिकार हो र अन्तर्राष्ट्रिय चासोको विषय पनि हो । तर पुटिन सरकारको विरोध गर्ने विपक्षी नेता नभाल्नीलाई फरक राजनीतिक विचार राखेको, भ्रष्टाचारविरुद्धको अभियान चालेको तथा नागरिक स्वतन्त्रताको हक स्थापना गर्न खोजेको एवं युक्रेनमाथि गरिएको आक्रमणको विरोध गरेको नाममा तीन वर्षदेखि कारागारमा कैदी बनाइएको थियो । सरकारको नियन्त्रणमा बन्दी जीवन बिताइरहेका नभाल्नीको शंकास्पद मृत्युको सम्पूर्ण जिम्मेवारी पुटिन सरकारले लिनुपर्दछ । साथै, निगरानी समिति यस घटनाको अन्तर्राष्ट्रिय रूपमा स्वतन्त्र न्यायिक छानबिन थाल्न राष्ट्रसंघ समक्ष आग्रह गर्दछ ।

विरोधीलाई दबाउन रुसी सरकारको संरक्षणमा आन्तरिक रूपमा भइरहेका धरपकड, यातना, हत्या तथा मानव अधिकारका अन्य गम्भीर उल्लंघनका गतिविधि तत्काल बन्द गरी राजनीतिक आस्थाकै कारण जेलमा राखिएका नभाल्नीका वकिल र उनका समर्थक एवं अन्य निर्दोष व्यक्तिको विना शर्त तत्काल रिहाइ गर्न हामी माग गर्दछौं । त्यस्तै, युक्रेनविरुद्ध जारी युद्ध रोक्न र थप भौतिक एवं मानवीय क्षति हुन नदिन तथा अन्तर्राष्ट्रिय मानवीय कानून, मानव अधिकारका कानून एवं सिद्धान्तलाई सम्मान गर्न रुसी सरकारसमक्ष निगरानी समिति अपिल समेत गर्दछ ।

**जवाफदेहिता निगरानी समितिका तर्फबाट**
चरण प्रसाईं, संयोजक
सम्पर्क : विकास बस्नेत ९८५११६९८२२